प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

२०७७
जेष्ठ
०२

# दैनिक गतिविधि

Website: http://hd.gandaki.gov.np/
Email Address: hd.gandaki@gmail.com








स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट गण्डकी प्रदेशमा खटिई आउनुभएका डा. प्रदीप के.सी र डा. सन्तोष के.सी ले गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यूसँग भेट गरि गण्डकी प्रदेशका विभिन्न जिल्लामा कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि आफ्नो टोलीले अनुगमन निरिक्षणका क्रममा देखेका कुराहरुबारे जानकारी गराउनुभएको थियो ।



हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा मिति २०७७ जेष्ठ ०१ गते पशु स्वास्थ्यसेवा केन्द्र दमौलीको तालिम हलमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

फ्याक्स: ०६१-५२०३३०
टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
PHEOC: ०६१-५२४०७४



जिल्लावाट क्वारेन्टाईन अनुगमन :
मनाङ डिस्याङ गा. पा. – १ पिसाङ साङ्ग्यो क्वारेन्टाईनमा १४ दिन पुरा गरी घर जान लागेका ८४ वर्षिय जेष्ठ नागरिक सहितका ५ जना स्थानीय । साथमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख स्वास्थ्य प्रमुख तथा जनप्रतिनिधिहरु ।




गोरखा वेलफेयर ट्रष्टको सहयोगमा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखरामा अटोमेटेड ह्यान्ड वाशिंग स्टेसनको स्थापना भएको छ ।



मनाङ कारागारका कैदी वन्दीहरुलाई कोभिड – १९ को जानकारी प्रदान तथा छलफल ।

## Covid-19 रोकथाम तथा नियन्त्रण गर्नका लागि मनाङ जिल्ला भित्र गरिएका मुख्य मुख्य कार्यहरु :

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक तथा नियमित छलफल ।
- सबै स्वास्थ्य संस्था मा ज्वरो क्लिनिक सञ्चालन ।
- जिल्ला अस्पतालमा ७ शैया क्षमताको Isolation ward निर्माण गरी पुर्ण तयारी अवस्थामा ।
- जिल्लामा चिकित्सक तथा तालिम प्राप्त स्वास्थ्यकमी सहितको एक जिल्ला Emergency/Rapid Response Team (ERRT) गठन ।
- जिल्ला भित्र रहेका दुई एम्वुलेन्स (मनाङ डिस्याङ गापा र ने रे सो चामे) लाई आवस्यक परे परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखिएको ।
- सम्वन्धित गा पा प्रमुखहरुको संयोजकत्वमा क्वारेन्टाईन व्यवस्थापन सञ्चालन अनुगमन समिति गठन ।
- भारत लगाएत तेस्रो मुलुवाट आएका स्थानीय व्यक्तिहरुको र अन्य जिल्लावाट आएका स्थानीयको रगत सकलन ।
- अन्य मुलुकवाट आएका हरुलाई क्वारेन्टाईन तथा होम क्वारेन्टाईनमा राख्ने व्यवस्था ।
- लक डाउनको प्रभावकारी अनुगमन तथा कडाईका साथ कार्यान्वयन ।



आज मिति २०७७/०२/०२ गते नवलपरासी (ब.सु.पु) जिल्ला बाहिर बाट आएका २० जना मानिसहरुको स्वाबको नमुना संकलन गरि भरतपुर कोरोना अस्पताल, भरतपुर पठाइएको छ । जिल्ला समन्वय समितिमा कोरोना सम्बन्धि अबको अवस्थाको बारेमा छलफल भएको छ । हिजो नवलपरासी (ब.सु.पु) जिल्ला स्थायी ठेगाना भएको भारतबाट फर्केका एक जनामा कोरोना संक्रमण देखिएको थियो । उनको कोरोना अस्पताल भरतपुरमा उपचार भइरहेको छ भने उनको सम्पर्कमा आएका व्यक्तिहरुको कन्ट्याक्ट ट्रेसिङ कार्यको सुरुवात भइसकेको छ ।

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR / RDT समेत) सम्बन्धि जेष्ठ २ गते (४ बजे सम्म) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण ।

| जिल्ला | क्वारेन्टाइन | | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | बेड | बसेका | | | | | | |
| कास्की | 10 | 305 | 11 | 70 | 1 | 774 | 1377 | 294 | 282 | 0 | 12 |
| स्यांग्जा | 36 | 672 | 107 | 10 | 0 | 601 | 909 | 105 | 105 | 0 | 0 |
| तनहुँ | 28 | 194 | 12 | 42 | 0 | 848 | 652 | 32 | 32 | 0 | 0 |
| लमजुङ | 75 | 990 | 88 | 18 | 0 | 288 | 276 | 53 | 53 | 0 | 0 |
| गोरखा | 52 | 415 | 25 | 27 | 0 | 436 | 675 | 29 | 29 | 0 | 0 |
| पर्वत | 96 | 251 | 21 | 20 | 0 | 364 | 373 | 101 | 92 | 0 | 9 |
| म्याग्दी | 30 | 357 | 140 | 6 | 0 | 214 | 388 | 22 | 22 | 0 | 0 |
| बाग्लुङ | 38 | 332 | 15 | 16 | 1 | 912 | 1266 | 77 | 74 | 2 | 1 |
| नवलपुर | 61 | 872 | 21 | 16 | 0 | 918 | 938 | 71 | 71 | 0 | 0 |
| मनाङ | 9 | 93 | 25 | 7 | 0 | 3 | 41 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ | 12 | 97 | 0 | 3 | 0 | 25 | 37 | 1 | 1 | 0 | 0 |
| जम्मा | 447 | 4578 | 465 | 235 | 2 | 5383 | 6932 | 788 | 764 | 2 | 22 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२